# नरैनापुर घोषणा पत्र

नेपाल पत्रकार महासंघ बाँके शाखाले ६ पुस २०८२ मा नरैनापुर गाउँपालिकाको सहकार्यमा आयोजना गरेको नरैनापुरमा पर्यटन सम्भावना र मिडियाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रमपछि जारी गरिएको "नरैनापुर घोषणा-पत्रमा निम्न बमोजिमका विषयहरुमा जोड दिने निर्णय गरियो :

१- नरैनापुर गाउँपालिकाको वडा नं. ३ को बर्फानीबाबा धाम, वडा नं. ४ को गोवर्द्धनधाम, वडा नं. ६ को सन्तानेश्वर महादेव लगायतका क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा प्रचारप्रसार गर्न सबै किसिमका मिडियाबाट समाचार, फिचर, रिपोर्ट र भिडियो डकुमेन्ट्री बनाएर सहकार्य गर्ने प्रतिबद्धता जनाउँछौं।

२- नरैनापुरको उत्तरी भेगमा रहेको चुरे पहाडलाई पर्यापर्यटनको रुपमा पदयात्रा (हाइकिङ) को रुपमा अघि सारेर विकास गर्न गाउँपालिकाले नीति र योजनाबारे मिडियाको क्षेत्रबाट समाचार लेखेर पर्यटन प्रवर्द्धन गर्न सहकार्य गर्नेछौं।

३- नरैनापुरका सामुदायिक वनलाई जडिबुटी पकेट क्षेत्रको रुपमा र वनभोज स्थलको रुपमा विकास गर्न मिडियाको क्षेत्रबाट प्रचार-प्रसार गरेर सहयोग गर्नेछौं।

४- कुनै समय बाँकेको कर्णालीको उपमा पाएको नरैनापुर पहिले अन्नको भण्डारको रुपमा रहेको छ। कृषि उपजमा आधारित पर्यटकीय गन्तव्य विकास गर्न प्रदेश र संघीय सरकारलाई दबाब दिन समेत हातेमालो गर्नेछौं।

५- नरैनापुर गाउँपालिकाका पर्यटकीय गन्तव्यको प्रवर्द्धन र नयाँ पर्यटकीय गन्तव्यको पहिचान गरी प्रचार प्रसार गर्न गाउँपालिकाले नेपाल पत्रकार महासंघ, जिल्लाका मिडिया हाउस र पत्रकार मित्रहरुसँग निरन्तर सहकार्य र सहयोग जारी राख्ने प्रतिबद्धता जनाउँछौं।

इस्तियाक अहमद शाह
अध्यक्ष
नरैनापुर गाउँपालिका

नवीन गिरी
अध्यक्ष
नेपाल पत्रकार महासंघ बाँके